महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवम् राष्ट्रिय बाल अधिकार परिषद्ले अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (२० नोभेम्बर २०२०) संयुक्त रूपमा भर्च्युअल माध्यमबाट एक विशेष समारोहबीच नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७ सार्वजनिक गरी मनाएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री लिलानाथ श्रेष्ठज्यूको अध्यक्षतामा सञ्चालित कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री याम कुमारी खतिवडा, सहसचिव श्री बुद्ध बहादुर गुरूङ, परिषद्का कार्यकारी निर्देशक श्री मिलन राज धरेल, यूनिसेफका नेपाल प्रतिनिधि श्री इल्के विस, नेपाल बाल संगठनका केन्द्रीय अध्यक्ष श्री विद्या न्यौपाने लगायत राष्ट्रिय बाल अधिकार परिषद्का सदस्यज्यूहरू, विभिन्न मन्त्रालय, विभाग, कार्यालयका प्रतिनिधिहरू, नेपाल प्रहरीका प्रतिनिधिहरू, बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा सञ्चालका प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, पत्रकार तथा बालबालिकाको समेत सहभागिता रहेको थियो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव श्री बुद्ध बहादुर गुरूङज्यूले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्नु भयो । राष्ट्रिय बाल अधिकार परिषद्ले तयार पारेको नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७७ माननीय मन्त्रीज्यू तथा मन्त्रालयका सचिवज्यूबाट सार्वजनिक गरिएको थियो । कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक श्री मिलन राज धरेलज्यूले नेपालमा बालबालिकाको स्थितिबारे तयार पारिएको प्रतिवेदनको संक्षिप्त प्रस्तुती गर्नुभएको थियो । प्रस्तुतीकरणमा विभिन्न क्षेत्रमा बालबालिकाको अवस्था, समस्या, चुनौती र नेपालले बालबालिकाको हक हित र अधिकारको सूनिश्चितताको लागि अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता अनुरूपको संवैधानिक, कानूनी तथा नीतिगत, संस्थागत र कार्यक्रमगत व्यवस्था र अवस्थाको स्थिति समेटिएको थियो । साथै प्रस्तुतीमा सहभागीहरूबाट उठान भएका जिज्ञासाहरूको सम्बोधन समेत गर्नुभएको थियो ।

युनिसेफका नेपाल प्रतिनिधि श्री इल्के विसले नेपालमा बालबालिकाको हक, हित र अधिकारको सूनिश्चितताको लागि युनिसेफ नेपाल विगतदेखि नै नेपाल सरकारसँग सहकार्य गर्दै आइरहेको तथा आगामी दिनमा पनि बालबालिकाको जिवनमा सकारात्मक परिवर्तनका लागि सरकारसँग सहकार्य गर्न तत्पर रहेको जानकारी गराउनु भएको थियो ।

Scanned with CamScanner

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल बाल संगठनका केन्द्रीय अध्यक्ष श्री विद्या न्यौपाने उपाध्यायज्यूले नेपाल बाल संगठनमा चालिएका सुधारात्मक कदमहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रमको सम्बोधनको क्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री याम कुमारी खतिवडाज्यूले बालबालिकाको अधिकार संरक्षणका लागि मन्त्रालय सदैव संवेदनशील रहेको तथा बालबालिकाको बचावट, संरक्षण, विकास र सहभागिता सम्वन्धी अधिकार कार्यान्वयनका लागि बालमैत्री योजना तथा कार्यक्रम तर्जुमा गरी तीनै तहका सरकार तथा सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्न मन्त्रालय तत्पर रहेको र यसका लागि बालबालिकाका सवालहरुलाई प्रदेश र स्थानीय तहका नीति, कार्यक्रम तथा संरचनामा मूलप्रवाहीकरण गर्नु पर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमको अन्त्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री लिलानाथ श्रेष्ठज्यूले अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको अवसरमा सम्पूर्ण बालबालिकामा शुभकामना व्यक्त गर्दै कोभिडको असरका कारण शिक्षा क्षेत्रमा परेको प्रभाव न्यूनीकरण तथा सो समयको सोधभर्नाका लागि ठोस कार्यक्रम बनाउनुपर्ने, बालबालिका सबैको साझा क्षेत्र भएकोले तीनै तहका सरकार, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, व्यक्ति तथा समाज सबैले उत्तिकै जिम्मेवारी निर्वाह गर्नुपर्ने बताउनु भएको थियो । साथै बालबालिकाको सवाल सम्बोधनका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्नुपर्ने, बालबालिका सम्बन्धी भएका कानूनी व्यवस्थाहरूको कार्यान्वयन गर्नुपर्ने र यी सबै काम गर्नका लागि ठोस र नतिजामूखी कार्ययोजना बनाई अगाडी बढ्नुपर्ने बताउनु हुँदै कार्यक्रम समापन गर्नु भएको थियो ।

०७७।८।५
प्रवक्ता

Scanned with CamScanner